प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,**
**प्रदेश नं.१ पाँचथर**
(कार्यक्षेत्र : पाँचथर र ताप्लेजुङ्ग)

फोन/इमेल/वेवसाइट
०२४-५२०१२७/०२४-५२०४६९
vhlspanchthar@gmail.com
web-vhlecpanchthar.p1.gov.np

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फ बंगुरको ब्लक स्थापना कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

सूचना नं.२-२०७७/०७८

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०६/१९*
*आवेदन दिने अन्तिम मिति: २०७७/०७/१८ गतेसम्म*

आ.व. २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर अर्न्तगत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले **कानून बमोजिम दर्ता भएका** इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन भित्र अर्थात (मिति २०७७/०७/२६ भित्र) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरमा तोकिएको ढाँचा (अनुसूची १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सवैमा जानकारी गराइन्छ । साथै यस बिषयमा थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरको टेलिफोन नं.०२४-५२०१२७ वा अधिकृत निरज कुमार भट्टराईको सम्पर्क नं.९८५२६६०१२७ मा सम्पर्क गर्न सकिनेछ ।

क) बंगुर ब्लक कार्यक्रमका क्षेत्रहरु : (गाउँपालिका/नगरपालिका) : पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिका

ख) कार्यक्रमहरुः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअलको दफा ४.२.९.२ तालिका ४ अनुसारका कार्यक्रमहरु

ग) ब्लकको लागि न्यूनतम आधार (माउँ बंगुर संख्या) : ५०० वटा

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१.सम्बन्धित निकायमा कृषि/पशुपालन समूह/सहकारी/संस्था/समिति/कृषि/पशु फर्म दर्ता तथा नविकरण/कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी

२.कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको करार संझौता ।

३.निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी

४.कार्यसमितिको निर्णयको प्रतिलिपी ।

०७७/०६/१९
डा.इन्द्र नारायण साह
कार्यालय प्रमुख